काठेखोला गाउपालिका
गाउ कार्यपालिकाको कार्यालय
बिहुकोट, बागलुङ

## जस्तापाता खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हानको सूचना

शिलवन्दी दरभाउपत्र नं . १/२०७५/०७६

कार्यालयमा सुचना प्रकाशित मितिः २०७५/०८/०९

यस काठेखोला गाउपालिकाका अन्तर्गतका ८(आठ) वटा वडाहरुमा जनता आवास कार्यक्रम अन्तर्गत जस्तापाता सहयोग गर्ने कार्यक्रमका लागि सिलवन्दी दरभाउपत्रको माध्यमवाट जस्तापाता खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त रजिर्ष्टड फर्म, कम्पनी वा सप्लायर्सहरुवाट देहायका सर्तहरुका अधिनमा रही यो सिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१. कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. १०००।०० (अक्षेरुपी एकहजार रुपैंया मात्र) फिर्ता नहुने गरी नगद वुझाएको सक्कल आम्दानी रसिद, आ.व. **२०७५/७६** सम्मका लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७४/७५को कर चुक्ता प्रमाणपत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पव्लिकद्वारा प्रमाणित गरिएका प्रतिलिपीहरु निवेदन साथ संलग्न राखि कार्यालय समय भित्र शिलवन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस काठेखोला गाउ कार्यपालिकाको कार्यालय बिहुकोट वागलुङवाट शिलवन्दी दरभाउपत्र फारम खरिद गर्न सक्नेछन् ।

२. फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ः०० वजेभित्र सिलवन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिनको २ः०० वजे शिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन । सिलवन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३ सिलवन्दी दरभाउपत्र दर्ता गर्दा शिलवन्दी दरभाउपत्र जमानत वापत रु. ४०,०००।- (चालिस हजार मात्र) ने.वै.लि. वागलुङ स्थित काठेखोला गाउ कार्यपालिकाको कार्यालय बिहुकोट वागलुङको धरौटी **खाता नं. ०२२०३००००००००३००००५** मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा जारी भएको शिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको विड वण्ड सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

४ शिलवन्दी दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको मू.अ.कर वाहेकको इकाई मूल्यलाई अंक र अक्षरमा स्पष्ट वुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ । केरमेट भएको ठाउंमा सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्नेछ ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राख्दै प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सिलवन्दी दरभाउपत्रमा उल्लेख भएको जस्तापाता परिमाणमा थपघट समेत हुन सक्ने छ । यसरी परिमाणमा थपघट भएता पनि शिलवन्दी दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । साथै स्वीकृत भएको दररेट २०७६ साल असार मसान्त सम्मको लागि मान्य हुने छ ।

६. शिलवन्दी दरभाउपत्रदाताले आफुले खरिद गरेको शिलवन्दी दरभाउपत्र नै दर्ता गराउनु पर्नेछ । यस कार्यालयवाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै छांयाप्रति तयार गरी पेश गरेको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. शिलवन्दी दरभाउपत्रदाताले शिलवन्दी दरभाउपत्रसाथ आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा संलग्न गर्नु पर्ने छ ।

८. शिलवन्दी दरभाउपत्रको स्वीकृति समग्र बोलकवोल अंक मध्ये न्यूनतम मूल्यका आधारमा गरिने छ ।

९. जस्तापाताको Specification अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

१०.म्याद नाघि आएको, रित नपुगेको र सर्त राखि पेश भएको शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. शिलवन्दी दरभाउपत्र  खरिद गर्दा कम्पनी वा फर्मको आधिकारीक व्यक्ति स्वंय उपस्थित हुनु पर्नेछ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप, आफ्नो लेटर प्याडमा **"शिलवन्दी दरभाउपत्र  खरिद गरि पांउ"** भन्ने निबेदन पेश गरेमा शिलवन्दी दरभाउपत्र  खरिद गर्न सकिने छ ।

१२. शिलवन्दी दरभाउपत्र सम्वन्धी अन्य कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी वुझ्न सकिने छ ।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र  नियमावली, २०६४ (संसोधन सहित) वमोजिम हुनेछ ।

| सि. नं | शिलवन्दी दरभाउपत्र नं | बिबरण | एकाई | परिमाण | ईस्टिमेट अंक (मू.अ.क सहित) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | १/०७५/७६ | सादा जस्तापाता २६ गेज (बेस मेटलको मोटाई ०.४१ मि.मि.) हेभी | बण्डल | १५९ | रु १५९९०६३- (अक्षरुपि पन्ध्र लाख उनान्सय हजार त्रिसठ्ठी रुपैंया ) | रु ४०,०००/- (अक्षरुपी चालिस हजार रुपैया मात्र) |

काठेखोला गाउ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ